# सरयू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

वर्ष १, अंक ३ २०८३ असार


# राप्ती प्रतिष्ठानमा वर्षौंदेखि बिग्रिएका पाँच डायलासिस मेसिन मर्मतपछि सञ्चालनमा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा वर्षौंदेखि बिग्रिएर थन्किएका पाँचवटा हेमोडायलासिस मेसिन मर्मत गरी पुनः सञ्चालनमा ल्याइएको छ ।



मेसिन बिग्रिएर थन्किएपछि मिर्गौला रोगका बिरामीहरू लामो समयदेखि डायलासिसका लागि पालो कुर्न बाध्य थिए । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख निर्देशक तथा सह-प्राध्यापक डा. सुरेश रसाइलीले पोखराबाट हेमोडायलासिससम्बन्धी प्राविधिक विज्ञको टोली बोलाएर बिग्रिएका मेसिन मर्मत गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, अन्य सरकारी निकाय तथा निजी क्षेत्रले सीएसआर (CSR) कार्यक्रमअन्तर्गत डायलासिस मेसिन उपलब्ध गराउन चाहेमा प्रतिष्ठान आवश्यक समन्वय गर्न सधैं तयार रहेको छ । मेसिन सञ्चालनमा आएपछि बिरामीहरूले सहज रूपमा सेवा पाउन थालेका छन् । लामो समयदेखि बिग्रिएका पाँचवटा मेसिन सञ्चालनमा आएपछि आकस्मिक (इमर्जेन्सी) डायलासिस गराइरहेका बिरामीको संख्या २२ जनाबाट घटेर तीन जनामा सीमित भएको डा.रसाइलीले बताउनुभयो ।

पाँचवटै मेसिन सञ्चालनमा आएपछि दैनिक थप ११ जना मिर्गौला रोगीले डायलासिस सेवा पाउन थालेका छन् । हाल प्रतिष्ठानमा तीन सिफ्टमा सञ्चालन हुने डायलासिस सेवामार्फत दैनिक ३३ जना बिरामीले सेवा लिइरहेका छन् । बिहान ७ बजेदेखि बेलुका १० बजेसम्म सञ्चालन हुने सेवाबाट हाल ९१ जना मिर्गौला रोगी लाभान्वित भइरहेका छन् ।


डायलासिस सेवालाई थप प्रभावकारी बनाउन नर्सिङ इन्चार्जसहित १८ जना नर्सिङ स्टाफलाई तालिमसमेत प्रदान गरिएको छ । हाल प्रतिष्ठानमा १५ वटा हेमोडायलासिस मेसिन सञ्चालनमा छन् ।

डा. रसाईलीका अनुसार थप पाँच मेसिन सञ्चालनमा आएपछि प्रतीक्षासूचीमा रहेका थप ५४ जना मिर्गौला रोगीलाई पनि सेवा उपलब्ध गराउन सकिनेछ ।

प्रतिष्ठानका बायोमेडिकल इन्जिनियर शिरिष बुढाथोकीको नेतृत्वमा बायोमेडिकल टेक्निसियन आशिष गौतम र अंकित अधिकारीसहितको टोलीको लामो प्रयासपछि बिग्रिएका मेसिन पुनः सञ्चालनमा आएका हुन् ।

विशेषज्ञ चिकित्सकको नेतृत्वमा नर्सिङ इन्चार्जसहित १८ सदस्यीय टोलीले आईसीयू र डायलासिस सेवामा निरन्तर सेवा दिँदै आएको प्रतिष्ठानले जनाएको छ । साथै, प्रतिष्ठानले मुलुकमै पहिलोपटक आईसीयूमा रहेका मिर्गौला रोगीलाई लक्षित गरी आईसीयूमै डायलासिस सेवा सञ्चालन गर्दै आएको जनाएको छ ।

# दुरबिन प्रविधिबाट जन्मजात पेटभित्र अण्डकोष भएका बालकको प्रतिष्ठानमा सफल शल्यक्रिया



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दुरबिन प्रविधिबाट जन्मजात पेटभित्र अण्डकोष भएका बालकको सफल शल्यक्रिया गरिएको छ । युरोसर्जन डा.सुशील खनियाँले जन्मजात रूपमा पेटभित्र अण्डकोष (Undescended Testis) रहेका एक बालकको दुरबिन (ल्याप्रोस्कोपिक) प्रविधिबाट सफल शल्यक्रिया गर्नु भएको हो ।

शल्यक्रियाका क्रममा पेटभित्र रहेका अण्डकोषका नशा तथा संरचनाहरूलाई सावधानीपूर्वक छुट्याई प्राकृतिक स्थान अर्थात् अण्डकोष थैली (स्क्रोटम) मा झारिएको डा.खनियाँले जानकारी दिनुभयो । आधुनिक दुरबिन प्रविधिबाट गरिएको यस उपचारले बिरामीलाई कम पीडा हुने, छिटो निको हुने तथा शल्यक्रियापछि हुने जटिलता कम हुने चिकित्सकहरूको भनाइ छ । डा.खनियाँ अनुभबी एमसीएच युरोलोजी विशेषज्ञ हुनुहुन्छ ।

# दाङ महिला जेसिजद्वारा प्रतिष्ठानका बिरामीलाई फलफूल वितरण




दाङ । विश्व रक्तदाता दिवसका अवसरमा दाङ महिला जेसिजद्वारा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका बिरामीहरूलाई फलफूल वितरण गरिएको छ । प्रतिष्ठानमा उपचार गराउन आएका २ सय ५० जना बिरामीलाई महिला जेसिजले फलफूल, जुस एवं पानी वितरण गरेको थियो । दाङ महिला जेसिजकी कार्यवाहक अध्यक्ष भीमा डिसीको अध्यक्षता तथा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान इमर्जेन्सीका प्रमुख डाक्टर मदन थपलियाको प्रमुख आतिथ्यता एवं बयालडाँडा चौतारी क्लबका अध्यक्ष नारायण भुसालको विशिष्ट अतिथितामा कार्यक्रम सम्पन्न भएको थियो ।

सो अवसरमा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव सबिन प्रियासन, त्रिभुवन नगर जेसिजका अध्यक्ष मिनराज भाटलगायतकाले बोल्नुभएको थियो । कार्यक्रममा बोल्ने वक्ताहरूले दाङ महिला जेसिजले सामाजिक एवं परोपकारी कामहरु गर्दै आएकोमा प्रशंसा गरेका थिए । कार्यक्रम संयोजक विन्दु डाँगीको स्वागत मन्तव्य र जनसम्पर्क अधिकारी सुनिता अधिकारीको जेसी आस्था पाठबाट सुरु भएको कार्यक्रममा महासचिव बसन्ता सुवेदीले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । सो अवसरमा सहभागी सबैले प्रतिष्ठानको विभिन्न वार्डको कोठा कोठामा पुगेर बिरामीहरुलाई फलफूल, जुस एवं पानी वितरण गरेका थिए ।

# राप्ती प्रतिष्ठानद्वारा विद्यालयमा निःशुल्क दन्त शिविर



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको दन्त विभागले नियमित मासिक कार्यक्रमअन्तर्गत घोराही उपमहानगरपालिका-१५ स्थित सरस्वती माध्यमिक विद्यालय, काठेकोहलमा निःशुल्क दन्त शिविर सञ्चालन गरेको छ ।

शिविरमा १८५ जना विद्यार्थीको दन्त परीक्षण गरिएको थियो । उपचारसँगै विद्यार्थीलाई मुख स्वास्थ्य (ओरल हेल्थ एजुकेसन) सम्बन्धी सचेतनामूलक जानकारी प्रदान गर्नुका साथै दाँत सही तरिकाले ब्रस गर्ने विधिबारे पनि प्रशिक्षण दिइएको थियो ।

परीक्षणका क्रममा अधिकांश विद्यार्थीमा दन्त क्षय (दाँतमा किरा लाग्ने समस्या) देखिएको थियो भने केही विद्यार्थीमा बाङ्गोटिङ्गो वा नमिलेका दाँत (मालअक्लुजन) को समस्या पनि भेटिएको दन्त विभागले जनाएको छ ।

शिविरमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका विशेषज्ञ चिकित्सक डा. आश्मा ओझा, डा. आशिम बराल, डेण्टल सर्जन करिश्मा भण्डारी तथा कार्यालय सहयोगी अनिता पुनको सहभागिता रहेको थियो ।

# राप्ती प्रतिष्ठानद्वारा बीएनएस तेस्रो वर्षका नर्सिङ विद्यार्थीलाई बिदाइ



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बीएनएस (ब्याचलर अफ नर्सिङ साइन्स) तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीलाई एक औपचारिक समारोहबीच बिदाइ गरिएको छ ।

प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा. सुरेश रसाइली, स्कुल अफ नर्सिङ प्रमुख प्रा. अम्बिका पौडेललगायत शिक्षकहरूले १६ जना विद्यार्थीलाई टीका, मायाको चिनो तथा शुभकामना प्रदान गर्दै सामूहिक रूपमा बिदाइ गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि डा.रसाइलीले तीन वर्षे शैक्षिक यात्रा सफलतापूर्वक पूरा गरेका विद्यार्थीलाई आगामी व्यावसायिक जीवनका लागि शुभकामना व्यक्त गर्दै अध्ययनका क्रममा हासिल गरेको ज्ञान, सीप र दक्षतालाई कार्यस्थलमा व्यावहारिक रूपमा लागू गर्न आग्रह गर्नुभयो ।

उहाँले नर्सिङ पेशामा प्रवेश गरेपछि बिरामीप्रति संवेदनशील, सेवामुखी र जिम्मेवार भएर काम गर्नुपर्ने उल्लेख गर्दै आफ्नो सीप, क्षमता, बोली, व्यवहार र आचरणलाई सदैव बिरामीमैत्री बनाउन सुझाव दिनुभयो ।

स्कुल अफ नर्सिङ प्रमुख प्रा.अम्बिका पौडेलले विद्यार्थीको उज्ज्वल भविष्यको कामना गर्दै प्रतिष्ठानमै नर्सिङ स्नातकोत्तर (मास्टर्स) कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले भविष्यमा उच्च अध्ययनका लागि पुनः प्रतिष्ठानमा फर्किन विद्यार्थीलाई आग्रह गर्दै आफू कार्यरत संस्थामा प्रतिष्ठानको प्रतिष्ठा बढ्ने गरी जिम्मेवारीपूर्वक काम गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले प्रतिष्ठानमा अध्ययनका क्रममा प्राप्त अनुभव आदानप्रदान गर्नुका साथै विभिन्न सांस्कृतिक तथा सिर्जनात्मक प्रस्तुति पनि प्रस्तुत गरेका थिए । बीएनएस तेस्रो वर्षका संयोजक सहायक प्राध्यापक पूजा पौडेलको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सञ्चालन लेक्चरर सुशान्त सापकोटाले गर्नुभएको थियो ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बीएनएस नर्सिङ कार्यक्रम २०८० असारदेखि सञ्चालनमा आएको हो । प्रतिष्ठानले नर्सिङ शिक्षाबाट शैक्षिक कार्यक्रमको विस्तार गर्दै हाल एमबीबीएस तथा एमडी/एमएस कार्यक्रमसमेत सञ्चालन गरिरहेको छ । आगामी दिनमा अन्य शैक्षिक कार्यक्रम विस्तार गर्ने तयारी भइरहेको निमित्त कार्यालय प्रमुख डा.रसाइलीले जानकारी दिनुभयो ।

बिदाइ गरिएका १६ जना विद्यार्थीमध्ये दुई जना शुल्क तिरेर (पेइड) अध्ययनरत छन् भने बाँकी १४ जना नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरिरहेका विद्यार्थी हुन् ।

# “अस्पतालमा सिफारिसका आधारमा प्राप्त हुने निःशुल्क सेवा बारे जानकारी दिनु सबैको कर्तव्य”



रमिता गौतम

अस्पतालमा सिफारिसको आधारमा सेवा लिन आउने बिरामी तथा सेवाग्राहीलाई निःशुल्क सेवा सम्बन्धी जानकारी गराउनु, बुझाउनु सम्बन्धित निकाय, स्थानीय तह तथा अस्पताल सबैको साझा दायित्व हो ।

अस्पतालमा उपचार तथा अन्य सेवाका लागि गाउँपालिका, वडा कार्यालय वा नगरपालिबाट सिफारिस प्रदान गर्दा सम्बन्धित बिरामी तथा उनका आफ्ना (भिजिटर) लाई उक्त सिफारिस कुन सेवाका लागि दिइरहेको हो भन्ने कुरा स्पष्ट रुपमा बुझाउन तपाई हामी सबैको जिम्मेवारी हो । निःशुल्क स्वास्थ्य सेवा सम्बन्धी सिफरिस जारी गर्नु अघि विपन्न नागरिक, असहाय नागरिक, बेवारिसे तथा अन्य लक्षित वर्गका बिरामी को हुन् र उनीहरुले कुन आधारमा सुविधा पाउने भन्ने विषयमा स्थानीय सरकार र स्वास्थ्य शाखाले पर्याप्त जानकारी दिनु आवश्यक छ ।

बिरामी अस्पतालमा विभिन्न स्थानबाट आउन सक्छन् । अस्पतालले सधैं गुणस्तरीय सेवा दिने प्रयास गरिरहेको हुन्छ । लाखौं रुपैयाँ खर्च गरेर अध्ययन गरेका चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीले नेपाल सरकारको नियम तथा अस्पतालको कार्यविधि अनुसार आफ्नो जिम्मेवारी निर्वाह गरिरहेका हुन्छन् । तर कतिपय आवस्थामा यही गाउँपालिका, वडा कार्यालय वा नगरपालिकाबाट प्रदान गरिएका सिफरिसबाट नियमानुसार सेवा दिँदा अस्पतालमा विवादित हुने, सेवाग्राहीले नभएको सेवालाई पनि दिनुपर्‍यो भन्ने । हामीलाई सबै सेवा नपाउने भए किन सिफारिस दिनुभयो, तपाईहरुको लापरबाही हो भन्ने जस्ता अनुशासनहीन शब्द वा अस्पतालको नियम पालना नगर्ने प्रवृतिले स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको मनोबल गिराउने, जति बुझाउने प्रयास गर्दा पनि औंला उठाउने, जथाभावी समाचार लेख्ने, भिडियो गराउने कार्य भईरहदा कर्मचारीहरुमा निराशा बढेको छ ।

त्यसैले गाउँपालिका, वडा कार्यालय तथा नगरपालिकाले सिफारिस जारी गर्दा सम्बन्धित व्यक्ति वास्तवमै पीडित हो, नेपाल सरकारले दिएको निःशुल्क उपचार, विपन्न वा असहाय आवश्यक पर्ने बिरामी हो कि हैन भनि यथार्थ पहिचान गर्नु हजुरहरुको महत्वपूर्ण दायित्व हो । मैले विगत ७ वर्षदेखि भागेको कुरा पनि हो, यदि सिफारिस प्रणाली पारदर्शीता र सही ढंगले कार्यान्वयन भएन भने निःशुल्क सेवा पाउनु पर्ने वास्तविक बिरामीहरु बञ्चित हुन सक्छ र सुविधाको दुरुपयोग हुने सम्भावना बढ्छ ।

तसर्थ अस्पतालका नियम र आचारसंहिताको पालना गर्नुका साथै अहोरात्र सेवामा खटिने स्वास्थ्यकर्मीहरूको आत्मसम्मानको रक्षा गर्नु र सेवाग्राहीहरूलाई उनीहरूको अधिकार एवं कर्तव्यप्रति सचेत गराउनु हामी सबैको साझा

र परम दायित्व हो । हामीसँग भएको ज्ञान, सीप र अनुभवलाई रचनात्मक रूपमा प्रयोग गर्दै अस्पताल प्रशासन, स्वास्थ्यकर्मी र सेवाग्राहीबीच एक सुमधुर एवं सन्तुलित समन्वय कायम गर्न सकियो भने मात्र स्वास्थ्य सेवालाई थप गुणस्तरीय, विश्वसनीय र प्रभावकारी बनाउन सकिन्छ । स्वास्थ्य क्षेत्रलाई मर्यादित र सुरक्षित बनाउने यस अभियानमा आफ्नो तहबाट जिम्मेवार अभिभावकीय भूमिका निर्वाह गर्न र सकारात्मक वातावरण निर्माण गर्न हामी सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक आह्वान गर्दछु ।

*(लेखक : गौतम राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सूचना अधिकारी हुनुहुन्छ)*

# दाङमा बढ्दै थाइराइडका बिरामी

दाङ । दाङमा पछिल्लो समय कम उमेरमै थाइराइडको समस्या देखिन थालेको छ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा फिजिसियन डा.अजय गौतमले अस्पतालमा उपचारका लागि थाइराइड बिरामी आइरहेको बताउनुभयो । “थाइराइडलाई सामान्य समस्या ठानेर बेवास्ता गर्नु हुँदैन,” उहाँले भन्नुभयो, “समयमै परीक्षण र उपचार गरे अधिकांश बिरामी सामान्य जीवनमा फर्किन सक्छन् ।”

थाइराइड हर्मोनले बालबालिकाको मस्तिष्कको बृद्धि विकासदेखि वयस्क मानिसमा स्फूर्ति, काम गर्ने ऊर्जा, मुटुको कार्य सञ्चालन, खाना पचाउने प्रक्रिया तथा शरीरको तौल सन्तुलनमा राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको डा.गौतमले बताउनुभयो । उहाँले थाइराइड हर्मोनको मात्रा कम वा बढी हुँदा फरक फरक लक्षण देखिने बताउनुभयो । उहाँका अनुसार केही अवस्थामा थाइराइड ग्रन्थीमा दुखाई हुने, सुन्निने वा ट्युमर पलाउने समस्या पनि देखिन सक्छ ।




डा.गौतमले यस्ता बिरामीलाई चिकित्सकको परामर्श अनुसार थाइराइड हर्मोन नियन्त्रण गर्ने औषधी आवश्यक पर्ने बताउनुभयो ।

थाइराइड घाँटीको अगाडिको भागमा रहेको महत्वपूर्ण ग्रन्थी हो । ‘जसले शरीरको मेटाबोलिज्म नियन्त्रण गर्ने हर्मोन उत्पादन गर्छ । यसको असन्तुलनका कारण तौलमा परिवर्तन, मुटुको धड्कनमा गडबढी, अत्यधिक थकान, कपाल झर्नु, मानसिक तनाव, निद्रामा समस्या तथा घाँटी सुन्निने जस्ता समस्या देखिने गर्छ’ -गौतमले भन्नुभयो ।

उहाँले महिला, गर्भवती तथा परिवारमा लामो समय थाइराइड भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गराउनुपर्ने सुझाव दिनुभयो । समयमै परीक्षण र उपचार गर्न सके थाइराइडका जटिलता न्यूनीकरण गर्न सकिने उहाँको भनाइ छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार थाइराइडसम्बन्धी परीक्षण सेवा लिने सेवाग्राहीको संख्या उल्लेखनीय रहेको पाइएको छ । प्रतिष्ठानको प्रयोगशाला विभागले उपलब्ध गराएको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/०८३ मा थाइराइड फङ्सन टेस्ट (TFT) र थाइराइड स्टिमुलेटिङ हर्मोन (TSH) परीक्षण गराउनेको संख्या निरन्तर उच्च रहेको छ । तथ्यांक अनुसार २०८२ असारमा १ हजार १ सय २२ जनाले TFT तथा ६ सय ९५ जनाले TSH परीक्षण गराएका थिए । साउनमा TFT परीक्षण १ हजार ६१ र TSH परीक्षण ७ सय २० पुगेको थियो । भदौमा ९ सय ४७ र ६ सय ६१, असोजमा ८ सय १० र ५ सय १७, कात्तिकमा ७ सय ६ र ६ सय ४ जनाले परीक्षण गराएका थिए ।

यस्तै, मंसिरमा TFT परीक्षण १ हजार १३ तथा TSH परीक्षण ६ सय ८, पुसमा ९ सय ६१ र ७ सय १९, माघमा ९ सय ७३ र ६ सय ४६ तथा फागुनमा ९ सय ४८ र ६ सय ६६ जनाले सेवा लिएका छन् । सबैभन्दा बढी

२०८२ चैतमा १ हजार २ सय १३ जनाले TFT र ८ सय ८८ जनाले TSH परीक्षण गराएका छन् । २०८३ वैशाख १ गतेसम्म १ हजार १ सय ३४ जनाले TFT तथा ७ सय ७५ जनाले TSH परीक्षण गराएको तथ्यांकमा उल्लेख छ । त्यस्तै जेठ महिनामा १ हजार १ सय ५४ जनाले TFT र ८ सय १४ जनाले TSH परिक्षण गराएका छन् ।

प्रतिष्ठानले अत्याधुनिक प्रयोगशाला सेवामार्फत थाइराइड रोगको समयमै पहिचान र उपचार व्यवस्थापनमा सहयोग पुऱ्याउँदै आएको जनाएको छ । थाइराइडसम्बन्धी स्वास्थ्य सचेतना बढ्दै जाँदा परीक्षण सेवाप्रति नागरिकको पहुँच र आकर्षणसमेत बढिरहेको स्वास्थ्यकर्मीहरूको भनाई छ ।

## राप्ती प्रतिष्ठानमा जेठ महिनामा ८८ जना मृगौलाको पत्थरीका बिरामीको सफल शल्यक्रिया

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा युरोलोजी (मूत्ररोग) सेवा सुरु भएपछि सेवाबाट लाभान्वित हुने बिरामीको संख्या बढ्दै गएको छ । प्रतिष्ठानका युरोलोजिस्ट सर्जन डा.सुशिल खनियाँको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीसहितको टोलीले सानादेखि ठूला शल्यक्रिया नियमित रूपमा सञ्चालन गर्दै आएको छ ।

प्रतिष्ठानका अनुसार युरोलोजी ओपीडी (बाह्य बिरामी विभाग) मार्फत दैनिक ७० भन्दा बढी बिरामीले परामर्श तथा उपचार सेवा लिइरहेका छन् । प्रतिष्ठानको तथ्याङक अनुसार गत जेठ १ देखि ३१ गतेसम्म युरोलोजी विभागबाट सामान्यदेखि जटिल प्रकृतिका गरेर ८८ जना मृगौलाको पत्थरीका बिरामीको सफल शल्यक्रिया गरिएको छ । एक महिनाको अवधिमा ५ सय २८ जना बिरामीहरुले युरोलोजी अन्तर्गतको ओपीडी सेवा प्राप्त गरेका छन् भने सोही अवधिमा ४४ जना बिरामीलाई भर्ना गरी उपचार गरिएको छ ।

यसअघि जिल्लामा युरोलोजी सेवा नहुँदा सामान्यदेखि विशेषज्ञ उपचारका लागि बिरामीलाई बाहिरका शहर जानुपर्ने बाध्यता थियो । तर, प्रतिष्ठानमा अत्याधुनिक उपकरणसहित यो सेवा विस्तार भएपछि युरोलोजी सेवा अत्यन्तै प्रभावकारी हुँदै गएको छ । युरोलोजी सेवाअन्तर्गत पिसाबसम्बन्धी रोग, प्रोस्टेट, मिर्गौलाको पत्थरी, पित्तथैलीको पत्थरी, पिसाबको नलीसम्बन्धी समस्या, अण्डकोषमा मासु पलाउने वा सुन्निने, पिसाब पोल्ने वा चुहिने लगायतका रोगहरूको उपचार प्रतिष्ठानमा गर्न सकिने युरोलोजिष्ट डा.खनियाले जानकारी दिनु भयो । उहाँका अनुसार युरोलोजी सेवा लिने बिरामीको संख्या दिनदिनै बढ्दो क्रममा छ ।

प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह प्राध्यापक डा.सुरेश रसाईलीले प्रतिष्ठानमा विशेषज्ञ चिकित्सकसहितको युरोलोजी सेवा अत्यन्त प्रभावकारी बनेको बताउँदै स्थानीय स्तरमै विशेषज्ञ उपचार सेवा प्राप्त गर्न पाउँदा बिरामीहरू खुशी भएको जानकारी दिनुभयो । डा.खनियाँ लामो समयदेखि प्रतिष्ठानमा युरोलोजी सेवा प्रदान गर्दै आएका अनुभवी चिकित्सकका रुपमा परीचित हुनुहुन्छ । युरोलोजीसहित विशिष्टिकृत सेवालाई प्रभावकारी बनाउन प्रतिष्ठानले वीर अस्पताल र शिक्षण अस्पताल टिचिङ लगायतका संस्थासँग सहकार्य सुरु गरिएको छ ।

## प्रतिष्ठानको दन्त विभागबाट जेठमा ७ सय ७६ जना बिरामीले सेवा पाए



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको दन्त विभागबाट चालु आर्थिक वर्षको जेठ महिनाभित्र ७ सय बढी बिरामीले सेवा पाएका छन् । दन्तरोग विभागका प्रमुख डा.लोचना आचार्य, मुख तथा अनुहार शल्य चिकित्सक डा.निरोज खनाल, दन्तरोग विशेषज्ञहरु डा.आस्मा ओझा, डा.अश्मी बराल, डा.करिश्मा भण्डारी, डा.आकृती खड्गासहितको नर्स, स्वास्थ्यकर्मीको टोलीले दाँत, अनुहार तथा मुख सम्बन्धी शल्यक्रिया गर्दै आएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार जेठ महिनामा दन्त विभागको ओपीडीबाट ७ सय ७६ जना बिरामीले दाँत सम्बन्धी उपचार सेवा पाएका छन् । जसमा सामान्य तथा जरैदेखि उपचार गर्नेमा १ सय ४३ जना, कृतिम अस्थायी तथा स्थायी दाँत लगाउने ४० जना, बाङ्गोटिङ्गो दाँत मिलाउने १३, दाँत सफा गर्ने ४० जना, बच्चाको दुधे दाँत उपचार ३३ जनाले सेवा लिएका थिए । त्यस्तै मुख तथा अनुहार शल्यचिकित्सा सम्बन्धी गम्भीर प्रकृतिको ३ जना, सामान्य ४२ जना, दाँत निकाल्ने सेवा ५१ जनाले सेवा लिएका थिए । साथै दन्त विभागले बिगत एक वर्षदेखि विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयमा दाँत रोग सम्बन्धी जनचेतना फैलाउन दन्तरोग शिविर चलाउँदै आएको छ ।

# जेठमा ८ सय बढी बिरामीले पाए नाक, कान, घाँटी रोगको ओपीडी सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको चालु आर्थिक वर्षको जेठ महिनामा नाक, कान, घाँटी रोग सम्बन्धी ३५ वटा अप्रेसन भएको छ । जस मध्ये नियमित २५ वटा र अतिरिक्त (EHS) मा १० वटा गरेर ३५ वटा नाक, कान, घाँटी रोग सम्बन्धी अप्रेशन गरिएको हो । नाक, कान, घाँटी रोग विशेषज्ञ प्राध्यापक डा.दीपेन्द्र गौतम नेतृत्वमा चिकित्सक, नर्स र स्वास्थ्यकर्मीले नाक, कान, घाँटी रोगको अप्रेसनदेखि उपचार सेवा बिरामीले पाइरहेका छन् । त्यस्तै जेठ महिनामा ८ सय ८० जना बिरामीले ओपीडीमार्फत नाक, कान, घाँटी रोगको उपचार सेवा पाएका छन् भने ३७ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको जेठ १ गतेदेखि ३१ गतेसम्मको हो ।

## जेठमा ओपीडीबाट ९ सय बढी बालबालिकाले पाए बालरोग विशेषज्ञ सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको जेठ महिनामा ९ सय बढी बालबालिकाले बालरोग विशेषज्ञ सेवा पाएका छन् । बालरोग विशेषज्ञ प्राध्यापक डा.दीपकराज पौडेलको नेतृत्वमा अन्य बालरोग विशेषज्ञ चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुबाट बिरामी बालबालिकाहरुले उपचार सेवा पाईरहेका छन् । त्यस्तै जेठ महिनामा ९ सय ८ जना बालबालिकाले ओपीडी सेवामार्फत बालरोगसम्बन्धी उपचार प्राप्त गरेका छन् भने १ सय ६२ जना बालबालिकालाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको जेठ १ गतेदेखि ३१ गतेसम्मको हो ।

## जेठमा ओपीडीबाट ५ सय बढी बिरामीले मानसिक रोगको उपचार सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको जेठ महिनामा ६ सय बढी बिरामीले मानसिक रोगको उपचार सेवा पाएका छन् । मानसिक रोग विशेषज्ञद्वय डा.सरोज उप्रेती र नितु बस्नेत नेतृत्वको चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले बिरामीहरुको उपचार गर्दै आइरहेको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार जेठ महिनामा ६ सय २ जनाले  ओपीडी सेवामार्फत मानसिक रोगको उपचार प्राप्त गरेका छन् भने ११ जना मानसिक रोगका बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको जेठ १ गतेदेखि ३१ गतेसम्मको हो ।

## जेठमा ओपीडीबाट ८ सय बढी बिरामीले छाला सम्बन्धी रोगको उपचार सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको जेठ महिनामा ८ सय बढी बिरामीले छाला तथा यौन सम्बन्धी रोगको उपचार सेवा पाएका छन् । छाला रोग विशेषज्ञद्वय डा.सबिना सिटौला र छेरिङ डोल्मा गुरुङ नेतृत्वमा नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले बिरामीहरुको उपचार गर्दै आइरहेको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार जेठ महिनामा ८ सय ३५ जनाले  ओपीडी सेवामार्फत छाला तथा यौन रोगको उपचार प्राप्त गरेका छन् । यो संख्या गएको जेठ १ गतेदेखि ३१ गतेसम्मको हो ।

# राप्ती प्रतिष्ठानमा ८५ जना बिरामीको एक महिनामा हाडजोर्नी सम्बन्धी अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको एक महिनाको अवधिमा साना तथा ठुला गरेर ८५ जना हाडजोर्नी सम्बन्धी रोगका बिरामीको अप्रेसन भएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार गएको जेठ १ गतेदेखि ३१ गतेसम्म सो संख्यामा हाडजोर्नी सम्बन्धी बिरामीको सफलतापूर्वक शल्यक्रिया गरिएको हो । जस अनुसार गम्भीर, मध्यम र सामान्य खालका गरेर सो संख्यामा हाडजोर्नी रोगका बिरामीको अप्रेसन गरिएको छ । प्रतिष्ठानमा एमआरआई, सिटिस्क्यानसहितको सेवा बिस्तारसँगै अनुभवी हाडजोर्नी रोगका विशेषज्ञहरुबाट बिरामीहरुले उपचार प्राप्त गर्दै आएका छन् । त्यस्तै प्रतिष्ठानबाट जेठ महिनामा १ हजार ९ सय ८८ जना बिरामीहरुले हाडजोर्नी सम्बन्धी उपचार ओपीडीमार्फत प्राप्त गरेका छन् भने १ सय ९९ जना हाडजोर्नी सम्बन्धी बिरामीलाई उपचार गरेर सेवा दिईएको छ । हाडजोर्नी रोगको राम्रो उपचारका लागि विगतमा जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेकोमा प्रतिष्ठानमा हाडजोर्नी रोगको उपचार सुरु भएपछि बिरामीको त्यो बाध्यता बिस्तारै अन्त्य हुँदै गएको छ ।

# जेठमा २ सय ५५ जना बिरामीको सफल अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्ष २०८३ सालको जेठ महिनामा २ सय ५५ जना बिरामीको सफल अप्रेसन भएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार जेठ १ गतेदेखि ३१ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका अप्रेसन भएका हुन् । चालु आर्थिक वर्षको जेठ महिनामा ९ सय

७२ जना बिरामीले ओपीडीबाट सर्जरी सेवा पाएका छन् । त्यस्तै १ सय ४४ जना बिरामीले भर्ना भई सर्जरीको उपचार सेवा पाएका छन् ।

# जेठमा १० जना न्यूरो सर्जरी बिरामीको सफल अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुपर स्पेशीयालिटी सेवा थपिए पछि उपचार गर्न आउने बिरामीको संख्या बढ्दै गइरहेको छ । यसैक्रममा प्रतिष्ठानमा पछिल्लो पटक न्यूरो सर्जरी सेवा सञ्चालनमा आएको छ ।  चालु आर्थिक वर्ष २०८३ सालको जेठ महिनामा १० जना बिरामीको न्यूरो सर्जरी सफलतापूर्वक भएको छ । न्यूरो सर्जरी सेवा प्राप्तीका लागि दाङलगायत यस आसपासका बिरामीहरु जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएको थियो । प्रतिष्ठानमा विशेषज्ञ चिकित्सकसहितको न्यूरो सर्जरी सेवा सुरु भएपछि न्यूरो उपचार अब दाङकै प्रतिष्ठानमा हुन लागेको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार जेठ १ गतेदेखि ३१ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका न्यूरो सर्जरी भएका हुन् । चालु आर्थिक वर्षको जेठ महिनामा ३ सय ४५ जना बिरामीले ओपीडीबाट न्यूरो सर्जरी सेवा पाएका छन् । त्यस्तै २९ जना बिरामीले भर्ना भई न्यूरो सर्जरी उपचार सेवा पाएका छन् । न्यूरो विशेषज्ञ चिकित्सकहरु डा.उपमा शर्मा र डा.विश्वास श्रेष्ठसहितको चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले न्यूरो सर्जरी सेवा प्रतिष्ठानलाई प्रदान गरिरहनु भएको छ ।

# प्रतिष्ठानमा जेठमा २ सय बढी बिरामीले पाए मुटुको विशेषज्ञ सेवा



दाङ । दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटुको कोरोनरी एन्जियोग्राफी र एनजियोप्लाष्टि सेवा सुरू भएपछि मुटु रोगको विशेषज्ञ उपचार सेवा प्रभावकारी बन्दै गएको छ । यसअघि जिल्लामा यो सेवा सुरु भएसँगै हृदयघात भएका बिरामीहरुलाई जिल्लामै सहजै उपचार प्राप्त गर्न सक्नेछन् । मुटुको रक्तनलीको उपचार दाङमा यसरी पहिलो पटक सुरु हुनु जिल्लाको स्वास्थ्य क्षेत्रका लागि एउटा महत्वपूर्ण उपलब्धी हो ।

यस अघि मुटुको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था रहेको थियो । मुटु रोगको उपचारका लागि क्याथेल्याबसहित १० करोड बराबरका सामग्री प्रतिष्ठानले ल्याईसकेको छ । मुटु रोगको उपचार सेवाका लागि विपन्न नागरिक औषधी उपचार कोषमा सूचिकृतका लागि निवेदन समेत पठाइएकाले सूचिकृत हुने बित्तिकै बिरामीलाई प्रतिष्ठानबाटै थप सहजता प्राप्त हुनेछ ।

यो सेवाका लागि फिजिसियन तथा मुटु रोग विशेषज्ञ डा.दिनेश उप्रेती नेतृत्वको टोली छ । डा.उप्रेतीले प्रतिष्ठानमा इन्टरभेन्सनल कार्डियोलोजी सेवा सुरु गर्न सक्षम बनाएको बताए । उनले यस सेवाको सुरुवात कोरोनरी एन्जियोग्राफी तथा आकस्मिक पेरिकार्डियोसेन्टेसिसबाट गरिएको जानकारी दिनुभयो । मुटुको उपचार सेवा प्रतिष्ठामा प्राप्त हुन थालेपछि बिरामी खुशी भएका छन् । चालु आर्थिक वर्षको जेठ महिनामा २ सय २० जना बिरामीले ओपीडीमार्फत मुटु रोगको उपचार सेवा पाएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार जेठ १ गतेदेखि ३१ गतेसम्म ३ जना मुटु रोगका बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ ।

# प्रतिष्ठानमा एक महिनामा १ सय ४९ जना महिलाले पाए निःशुल्क प्रसुती सेवा

दाङ । दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आमा सुरक्षा कार्यक्रम निःशुल्कपमा सञ्चालनमा आएपछि प्रतिष्ठानको प्रसुति सेवा थप प्रभावकारी बन्दै गएको छ । प्रतिष्ठानले चालू आर्थिक वर्षको एक महिनामा १ सय ४९ जना महिलाले निःशुल्क प्रसुति सेवा प्राप्त गरेका हुन् । प्रसुति सेवा प्राप्त गर्नेहरुको संख्या जेठ १ गतेदेखि ३१ गतेसम्मको हो । प्रतिष्ठानका प्रसुति रोग विशेषज्ञ  प्राध्यापक डा.बसन्त लामिछाने नेतृत्वमा अन्य प्रसुति रोग विशेषज्ञ चिकित्सकको सहभागितामा निःशुल्क प्रसुति सेवा अस्पतालमा प्रदान हुँदै आएको छ । आमा सुरक्षा कार्यक्रम निःशुल्क रुपमा सञ्चालन भएपछि प्रतिष्ठानमा निःशुल्क प्रसुति गराउन आउने महिलाहरु अहिले सेवा पाउँदा खुशी भएका छन् । प्रतिष्ठानका

निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाईलीले प्रतिष्ठानमा सञ्चालित निःशुल्क प्रसुति सेवाले बिरामीको संख्या दिन प्रतिदिन बढ्दै गएको बताउनुभयो । प्रतिष्ठानले दिएको जानकारी अनुसार प्रतिष्ठानमा प्रसुति सेवा निःशुल्क भएपछि एक महिनाको अवधिमा शल्यचिकित्सा सेवाबाट १ सय ३६ महिलाले सुरक्षित सुत्केरी सेवा पाएका छन् । त्यसैगरी, ५ वटा एमभीए (म्यानुअल भ्याकुम एस्पिरेशन), ६ वटा एक्टोपिक गर्भसम्बन्धी शल्यक्रिया तथा १ वटा मोलार गर्भसम्बन्धी शल्यक्रिया सम्पन्न गरिएको छ । प्रतिष्ठानले विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीको टोलीमार्फत प्रसूति तथा स्त्रीरोगसम्बन्धी सेवा निरन्तर प्रदान गर्दै आएको जनाएको छ ।

जटिल प्रकृतिका बिरामीलाई समेत प्रभावकारी उपचार सेवा उपलब्ध गराउँदै आएको प्रतिष्ठानले जनाएको छ । यसै गरेर जेठ महिनामा प्रसुति सेवाबाट २ हजार ३ सय ५८ जना महिलाले ओपीडी सेवा र ५२ जनाको भर्ना गरेर उपचार गरिएको छ ।

## राप्ती प्रतिष्ठानमा जेठमा ४१ जना बिरामीको आँखाको जटिल रोगको उपचार




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पछिल्लो पटक आँखाको उपचारका लागि प्रमुख उपचार केन्द्र बन्दै गएको छ । आँखा रोगका विशेषज्ञ चिकित्सकहरुबाट नै प्रतिष्ठानमा आँखा रोगको सामान्यदेखि जटिल उपचार हुन थालेपछि उपचारमा आउने बिरामीको संख्या पनि बढ्दै गएको छ । केहि समय पहिले रुकुम, रोल्पा, सल्यान वा प्युठानका बिरामीहरूका लागि आँखाको जटिल रोगको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएकोमा प्रतिष्ठानमा आखाँको उपचार सुरु भएपछि बिरामीको त्यो बाध्यता बिस्तारै हट्दै गएको छ । जिल्लामै आँखाको राम्रो उपचार पाउन थालेपछि सेवा लिन आउने बिरामीहरु अत्यन्तै हर्षित भएका छन् । चालु आर्थिक वर्षको जेठ महिनामा मात्रै प्रतिष्ठानमा ४१ जना बिरामीको आँखाको जटिल रोगको उपचारका साथै अप्रेसन सफलतापूर्वक भएका छन् । प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख, निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीको सहभागितामा सानादेखि गम्भीरखालका आँखाको उपचारदेखि अप्रेसन हुँदै आएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार गएको जेठ १ गतेदेखि ३१ गतेसम्म सो संख्यामा आँखाका बिरामीहरुको अप्रेसन भएको हो । आँखारोग विभागका प्रमुखसमेत रहनु भएका रसाईलीका अनुसार १ हजार २ सय ६९ जना आँखाका बिरामीले ओपीडीमार्फत सेवा पाएका छन् भने २२ जना बिरामीको भर्ना गरेर आँखाका उपचार गरिएको छ । कुनै बेला दाङमा आँखाको उपचार गर्ने अस्पताल राम्रो नहुँदा बिरामीहरुले निकै सास्ती व्यहोर्नु परेको थियो । आँखाको उपचार गर्नु केवल स्वास्थ्य समस्या मात्र होइन, आर्थिक र मानसिक पीडाको अर्को नाम पनि थियो । उपचारका लागि काठमाडौं धाउनुपर्ने, महँगो खर्च, बसोबासको समस्या र लामो पालो–यी सबै बाध्यताले धेरै बिरामी समयमै उपचारबाट बञ्चित हुने गर्थे । तर अहिले जिल्लाकै प्रतिष्ठानमा आँखाको उपचार भरपर्दो र बिश्वासिलो भएपछि परिदृश्य फेरिएको छ ।

प्रतिष्ठानले सुरु गरेको आँखा सम्बन्धी उच्चस्तरीय विशेष सेवा बिस्तारसँगै दुर्गमका बिरामीका लागि आशाको नयाँ ढोका खुलेको छ । अब रुकुम-रोल्पाका बिरामीहरू काठमाडौं होइन, दाङमै आएर अत्याधुनिक उपचार पाइरहेका छन् । आँखा रोग विशेषज्ञ सह प्रा.डा.रसाइलीले प्रतिष्ठानमा आँखाको कोटरसम्बन्धी उपचार, आँखाको प्लास्टिक तथा

पुनःनिर्माण शल्यक्रिया र आँखाको क्यान्सर उपचारजस्ता सेवाहरू बिस्तार गरेसँगै जटिल आँखाका रोगहरूको उपचार जिल्लामै सम्भव भएको छ । “पहिला बिरामीहरूलाई काठमाडौं जानैपर्ने बाध्यता थियो, तर अहिले यहाँकै सेवाले त्यो अवस्था अन्त्य भएको छ,” उहाँले भन्नुभयो ।

आँखाको अप्रेसन धमाधम हुन थालेपछि प्रतिष्ठानको क्षमतामात्र होइन, दुर्गम क्षेत्रका बिरामीको भरोसा पनि बढेको छ। त्यसैगरी, आँसु नली खोल्ने तथा पुनःनिर्माण गर्ने शल्यक्रिया, कालो मोतियाको उपचार, तथा सौन्दर्यसम्बन्धी आँखा शल्यक्रिया समेत प्रतिष्ठानमा उपलब्ध छन् । माथिल्लो र तल्लो आँखा ढकनी मिलाउने शल्यक्रियादेखि अनुहार सुन्दर बनाउन दिइने विशेष सुई सेवा पनि सञ्चालनमा छ ।

दृष्टि पर्दाको बिस्तृत परीक्षण, आँखाको दृष्टि फैलावट जाँच्ने सेवा, नानीको बनावट परीक्षणजस्ता अत्याधुनिक जाँच सेवाहरू पनि यहीँ उपलब्ध छन् । मधुमेह, उच्च रक्तचाप र थाइराइडका कारण आँखामा पर्ने असरको परीक्षण र उपचार पनि यहीँ हुँदै आएको छ । साथै, विशेष किसिमको लेजर उपचार सेवा पनि सञ्चालनमा छ । अब उपचारका लागि राजधानी धाउनुपर्ने बाध्यता हटेको छ । आँखाको उपचारका लागि डा.रसाइलीको नेतृत्वमा रहेको टोलीलाई बिरामीहरूले ‘विश्वासिलो’ मात्र होइन, ‘काठमाडौंकै स्तरको सेवा दिने’ भनेर समेत मूल्यांकन गर्न थालेका छन् ।

यससँगै, आँखा वरिपरि वा अनुहारको हड्डी भाँचिएका बिरामीहरूको लागि आधुनिक तरिकाले पुनःनिर्माण शल्यक्रिया पनि यहीँ सम्भव भएको छ । प्रतिष्ठानले आगामी दिनमा अझ अत्याधुनिक उपकरण र विशेषज्ञ जनशक्ति थप गर्ने योजना बनाएको छ । यसले लुम्बिनी प्रदेश मात्र होइन, कर्णाली र सुदूरपश्चिमका बिरामीहरूलाई समेत ठूलो राहत दिने अपेक्षा गरिएको छ । कुनै समय ‘काठमाडौं जानैपर्छ’ भन्ने बाध्यता बोकेका दुर्गमका बिरामीहरूका लागि दाङको प्रतिष्ठान अहिले उपचारको नयाँ केन्द्र बनेको छ । जसका कारण जहाँ दूरी घटेको छ, खर्च घटेको छ, र आशा बढेको उपचारमा आएका बिरामीहरु बताउछन् ।

## एक महिनामा स्वास्थ्य बिमाबाट ६ हजार बढीले सेवा पाए



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको जेठ महिनामा स्वास्थ्य बिमा सेवाबाट ६ हजार २१ जना बिरामीले सेवा पाएका छन् । यो संख्या इमरजेन्सी र ओपीडीबाट सेवा लिएका बिरामीको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार जेठमा विभिन्न विभागहरुबाट ५ हजार ६ सय ४५ जना बिरामीले ओपीडी र ३ सय ७६ जना बिरामीले इमरजेन्सी सेवा प्राप्त गरेका छन् । जसअनुसार मुट रोग सेवा ९३ जनाले, दन्त रोग सेवा १ सय २२ जनाले, छाला रोग सेवा १ सय ४८ जनाले, नाक, कान, घाँटी रोग सेवा २ सय ३४ जना, एमडिजिपी सेवा ४ सय ६४ जनाले, जेनरल सर्जरी सेवा २ सय ८० जनाले प्राप्त गरेका छन् ।

त्यस्तै मेडिसिनतर्फ २ हजार ४ सय ५० जनाले, न्युरो सर्जरी सेवा ७५ जनाले, प्रसुती रोग सेवा ३ सय ९३ जनाले, आँखा रोग उपचार सेवा २ सय ८३ जनाले, अर्थोपेडिक सेवा ५ सय ३० जनाले, बाल रोग उपचार सेवा १ सय ८७ जनाले, फिजियोथेरापी सेवा ८ जनाले, मानसिक रोग उपचार सेवा १ सय ५१ जना र युरोलोजी सेवा २ सय २७ जनाले एक महिनाको अवधिमा पाएका छन् ।


**संरक्षक**

सह-प्रा.डा.सुरेश रसाइली

(निमित्त कार्यालय प्रमुख, निर्देशक)

**प्रधानसम्पादक**

प्रा.डा.विकास गौचन

**व्यवस्थापक**

निशान दाजु भट्टराई

सम्पर्क : फोन नं: ९८०१३४८८४५

ई-मेल:

*itdepartment@rahs.edu.np*

*registrar@rahs.edu.np*

*sarayu@rahs.edu.np*